**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 10.10.2025

## भारतको पहिलो डिजिटल घुमन्ते गाउँ- यात्तेनले सिक्किमका एक मात्र सांसद इन्द्रहाङ सुब्बासँग अन्तरक्रियात्मक सत्र आयोजना गरेको छ।

भारतको पहिलो डिजिटल घुमन्ते गाँउ- यात्तेनले जुन जुलाई 14,2025 मा उद्घाटन गरिएको थियो, नोम्याड सिक्किम – सर्वहिताय गैरकरकारी संस्थाको सहकार्यमा, आज सिक्किमका एक मात्र आयोजना गर्यो। अन्तरक्रियात्मक सत्र आठ दिन लामो स्थानीय उद्यमीहरूको समूहको साथै भारतका अन्य राज्यहरूबाट सहभागिता र दक्षिण अफ्रिकाबाट सहभागिताको एक हिस्सा हो।

डा. इन्द्रहाङ सुब्बाले आफ्नो सम्बोधनमा सिक्किमको समृद्ध सास्कृतिक सम्पदा र कृषि, पर्यटन, जैविक विविधता र प्राकृतिक स्रोत व्यवस्थापन जस्ता प्रमुख क्षेत्रहरूमा यसको सम्भावनामाथि प्रकाश पारे।

उनले युवा उद्यमीहरूसँग प्रत्यक्ष संलग्न हुन विविध क्षेत्रका विज्ञहरूलाई एकै ठाउँमा ल्याउने, उनीहरूलाई बहुमुल्य मार्गदर्शन र सहयोग प्रदान गर्ने पहलको प्रशंसा गरे, साथै राज्यभरि फस्टाउँदो उद्यमशीलता पारिस्थितिक प्रणालीलाई प्रवर्द्धन गर्न यस्ता सहकार्यहरू लाभदायक हुने कुरामा जोड़ दिए।

## सिबिसि , पिआईबी र आकाशवाणी गान्तोकले स्वच्छता ही सेवा अभियान मनायो।

केन्द्रीय सञ्चार ब्यूरो, प्रेस सूचना ब्यूरो (पिआईबी), गान्तोकले आकाशवाणी गान्तोकसँगको सहकार्यमा आकाशवाणी गान्तोक कार्यालयमा स्वच्छता ही सेवा अभियान मनायो। कार्यक्रमको विषयवस्तु एक कदम स्वच्छता की ओर थियो।

कार्यक्रममा पिआईबी र आकाशवाणी गान्तोक दुवैका कर्मचारीहरू उत्साहजनक सहभागिता देखियो, जसमा इन्जिनियरिङ, समाचार र प्रशासन विभागका सदस्यहरू पनि समावेश थिए।

आकाशवाणी गान्तोकका कार्यक्रम प्रमुख बिनोद कुमार शर्माले प्रमुख अतिथिको रूपमा कार्यक्रमको उद्घाटन गर्नुभयो। आफ्नो सम्बोधनमा श्री शर्माले स्वच्छता ही सेवा अभियानको मुख्य सन्देश व्यावसायिक र व्यक्तिगत जीवन दुवैमा स्वच्छता कायम राख्नु हो भन्ने कुरामा जोड़ दिनुभयो।

## राज्य विधायकहरूका लागि नयाँ दिल्लीमा आयोजित दुई दिने राष्ट्रिय कार्यशाला समापन

राज्य विधायकरूका लागि ऊर्जा एवं वातावरण सम्बन्धी नयाँ दिल्लीमा आयोजित दुई दिने राष्ट्रिय कार्यशाला आज समापन भयो। पीआरएस लेजिस्लेटिभ रिसर्चद्वारा आयोजित यस कार्यशालामा सिक्किम विधानसभाका सदस्यहरू आदित्य गोले तामाङ, सोनाम छिरिङ वन्चोङपा, मदन सिन्चुरी, दिने नामग्यांल बर्फुङपा, ईरूङ तेञ्जिङ लेप्चा, कला राई , पामिन लेप्चा र सुदेश कुमार सुब्बा सहभागी भए। समापन अवसरमा सम्पन्न कार्यशालामा जलस्रोत प्रबन्धन समस्या र दृष्टिकोणहरू, पर्यावरणीय नीतिहरू र नियमावली – संरचनाहरू र चुनौतीहरू, भारतमा दिगो यातायात – प्रभाव र पूर्वाधार विषयमा छलफल भएको बताइएको छ।

## पाकिममा विश्व मानसिक स्वास्थ्य दिवस मनाइयो

सेवा राम पहुँच – विपत्ति र आपतकालमा मानसिक स्वास्थ्य भन्ने नाराका साथ आज आयुष विभाग र पाकिम जिल्लाको स्वास्थ्य तथा परिवार कल्याण विभागद्वारा नाम्चेबोङ ग्राम प्रशासन केन्द्रमा विश्व मानसिक स्वास्थ्य दिवस मनाइयो।

पाकिम का अतिरिक्त जिल्लापाल सांगे ग्यास्तो भुटियाले कार्यक्रममा प्रमुख अतिथिको रूपमा भाग लिएका थिए। यस वर्षको विषयवस्तुले संकटको समयमा अमूल्य काम गर्ने अनि समुदाय र सहकर्मी दुवैको मानसिक स्वास्थ्यको सुरक्षाको महत्वलाई प्रकाश पार्छ।

श्री भुटियाले जिल्लामा मानसिक स्वास्थ्यसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गरे र मानसिक स्वास्थ्य सेवा ऐन, 2017 को प्रावधानहरू संबधी जानकारी प्रदान गरे। त्यस्तै, प्रमुख चिकित्सा अधिकारी डा. मदनमणि ढकालले सहभागीहरूलाई मानसिक स्वास्थ्य र सिक्किममा सामना गरिरहेका बढ्दो चुनौतीहरूको बारेमा जानकारी गराए।

चिकित्सा अधिकारी आयुष डा. कुलजन लामाले मानसिक रोगले देनिक जीवनमा बाधा पुर्याउन सक्छ र उपचार नगरेमा दीर्घकालीन पीड़ा निम्त्याउन सक्छ भनी बताए।

## पुलिस कर्मचारीको कल्याणमा केन्द्रित हुँदै विश्व मानसिक स्वास्थ्य दिवस 2025 मनाइयो।

नाम्ची जिल्ला अस्पतालको आयुष विभागले यस वर्षको विश्वव्यापी विषयवस्तु “सेवाहरूमा पहुँच विपत्ति र आपतकालमा मानसिक स्वास्थ्य अन्तर्गत विश्व मानसिक स्वास्थ” दिवस 2025 मनाउने ।